# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी
१ नं प्रदेश, नेपाल

**ठेक्का बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०३/११

यस कार्यालयबाट यस गाउँपालिकाबाट तपसिल बमोजिमको निकासी कर संकलन गर्न निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न इच्छुक व्यक्ति वा फर्मलाई आव्हान गरिएको छ ।

| क्र.सं. | रा.आ.ठे.नं. | ठेक्काविवरण | न्यूनतम ठेक्काअंक | बोलपत्रफारम दस्तुर पछि फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | दैनिक व्यापार तथा कृषिजन्य निकासी कर | ११,५६,०००/०० | १,०००/०० | |
| २ | ०२/०७७/०७८ | मवेशी हाट, देवानगञ्ज-३, सनुसरी | १,५०,०००/०० | १,०००/०० | |
| ३ | ०३/०७७/०७८ | मवेशी हाट, देवानगञ्ज-४, सनुसरी | १,४५,५००/०० | १,०००/०० | |

**शर्तहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म इजाजतपत्रको प्रतिलिपि, आन्तरिक राजस्वकार्यालयबाट प्राप्त (PAN) को प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि र आ.व. २०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्र समेत पेश गरी बोलपत्र बिक्री हुने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (कार्यालय समय भित्र) रु. १,०००/०० दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाई बोलपत्र फाराम खरिद गर्न सक्नेछ ।

२. ठेक्का अवधि २०७८/०४/०१ देखि २०७९/०३/३० सम्म कायम हुनेछ ।

३. खरिद भएको बोलपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी लाहाछाप लगाई सिलबन्दी गरी खाम बाहिर बोलपत्रदाताले सिलबन्दी खामको बाहिर पट्टि रा.आ.ठे.नं. र ठेक्काको नाम प्रष्टसँग लेखी १६औं दिनको १२:०० बजेसम्म यस कार्यालयमादर्ता गरिसक्नुपर्नेछ । दर्ता भएकावोलपत्रहरु दिउँसो २:०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. कर असुली सम्बन्धी दर रेटहरुको विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

५. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ । . एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

६. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा एन.आइ.सि.एशिया बैंक इनरुवा शाखामा रहेको धरौटी खाता २४३CA५००२१९१७००२ मानगद धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकद्वारा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तिमा ९० दिनसम्म मान्य म्याद रहने सोही रकम बमोजिमको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

७. प्रचलित नियमानुसार रित नपुगी वा म्याद नाघि आएको वा विभिन्नशर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. कबोल गरेको अंकलाई बराबर तीनकिस्ता कायम गरिनेछ । पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ । त्यसपछिका किस्ताहरु क्रमशः अघिल्लो किस्ताको महिनाको मसान्तभित्र बुझाउनु पर्नेछ ।

९. स्वीकृत वोलपत्रदाताले ठेक्का कवोल अंक रकम सम्झौता गर्दा नै एकमुष्ट बुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

१०. स्वीकृत वोलपत्रदाताले आफूले बुझाउनुपर्ने रकमका लागि पहिला किस्ता नगदै बुझाई दोस्रो, तेस्रो किस्ताको रकम बाँकी राखेमा सो रकम बराबरको २०७९ साल आषाढ मसान्त सम्म कायम रहने नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बैंकबाट जारी गरिएको बैंक जमानत (परफमेन्स वण्ड) सम्झौता गर्दाकै बखत पेश गर्नुपर्नेछ ।

११. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्तभएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ । उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

१२. ठेक्का कवोल गर्ने ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्तभई सो साबित भएमा नियमानुसार कारवाही गरिनेछ । साथै रसिदको नमूना यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

१३. ठेक्का रकम तिर्न बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रक्रियामा भागलिन पाइनेछैन ।

१४. वन्द हड्ताल तथा अन्य मानव सृजितकारणहरुबाट सृजनाहुने अवरोध काकारण कर छुट वा मिनाहा दिइने छैन ।

१५. कुनै ठेक्का वा कर उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

१६. यसमा सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१७. कर असुली सम्बन्धी दररेटहरुको विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु बोलपत्रफाराम साथ उपलब्ध गराईने छ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ र यो सूचना कार्यालयको वेवसाइट WWW.dewanganjmun.gov.np मा पनि राखिएको छ ।

१८. यस कार्यालय वा नेपाल सरकारको हितविपरित हुने कुनै काम गरेमा जनुसुकै वखतपनि ठेक्कातोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्कातोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

१९. सम्बन्धित कर संकलनकालागि यस कार्यालयद्वारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइनेछैन ।

२०. धरौटी बापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइनेछैन ।

२१. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नुपर्ने आयकर, मु.अ.क. लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने रकम यस कार्यालयमा सम्वन्धित ठेकेदारले दाखिला गर्नुपर्नेछ ।

२२. ठेकेदारले अनिवार्य रुपमा ठेक्का क्षेत्रभित्रका वजार सरसफाई कार्य सम्वन्धित वडा कार्यालयको सल्लाह बमोजिम र समन्वयमा आफैले गराउनु पर्नेछ ।

२३. ठेकेदारले आफुलाई चाहिने स्टेशनरी समान, जनशक्तिकुनै कसैलाई दिएको चन्दा आर्थिक सहायतादि सवै वन्दोवस्ती आफैले मिलाउनु पर्नेछ र पछि कुनै दावीगर्न पाइनेछैन ।

२४. ठेक्का चलानगर्दा कुनै व्यवधान वा समस्या परेमादुई पक्षवीच आपसी छलफद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## इटहरीमा ...

को सिंहदेवी कृषि शहकारी सं
आवद्ध कृषी समूहलाई पनि
गरिएको छ । यसमा कृषकव
प्रतिशत लागत साझेदारी रहेव
कृषकहरुलाई केहि दिन भित्रैमा स
बोयर जातका पाठी वितरण
कार्यक्रम रहेको शाखा प्रमुख
जानकारी दिए । वितरित बोकाव
५० हजार देखि १लाख ५० हजा
पर्ने उनले बताए ।

ईटहरी उपमहानगरपालिक
हैन पछिल्लो समयमा धेरै स्थानी
किसानको लागि भन्दै बाखा त
बितरण गर्दै आएका छन् ।
स्थानीय तहले सुंगुरका पा
बितरण गर्दै आएका छन् ।

## सुनसरीका...

२०/३० मिनेटमा पुग्न सकिने
घण्टौको कष्टकर यात्रा गर्नुपरेक
सर्वसाधरणहरुको भनाई छ ।
नरसिंह गाउँपालिका क्षेत्र
सडकहरु समेत वर्षातको समय
भैइ रहेकोले निर्माधिन सडव
बनेपछी यहाँको सवारी यात्र
पूर्ण हुने गरेको छ । हिलाम्मै
यात्रुहरुले ठुलै जोखिम मोलेर
परिरहेको भोक्राहा नरसिंह
मण्डलले बताए । उनले भ
निर्माण कार्य वर्षातको स
भएकोले अहिले सडक हिला
कारण आवतजावत गर्न नि
मोल्नु परेको छ । यस
नगरपालिका वडा नं ७, ८,
वडा लगायतका क्षेत्रमा दु
बढी मुख्य सडक जोखिम
छन् । वर्षातका कारण हिल
अधिकांश यी वडाहरुमा रहे
सडक अवरुद्ध हुने अव
सर्वसाधारणहरुको भनाई छ

सुनसरी सदरमुकाम इ
जिल्लामा निर्माण गरिएव
ग्रामीण सडक मापदण्ड वि
भएका छन् । यस कारण
वर्षासंगै बिग्रने गरेका छ
सडकमा पर्याप्त याताया
सञ्चालन नहुँदा यहाँ
फलफूल तथा तरकारी र
वस्तु पनि वजारसम्म ल
किसान मार्कामा छन्
लैजाने साधन नहुँदा किस
साग तरकारी वारीमै
छन् ।

नोवेल कोरोना
यो नयाँ प्रजातिको
पशुहरुमा संक्रमण
Acute Respirato
नियमित
पानीले ह
जंगली तथ
पशुपक्षीहरु
सम्पर्कबाट
"कोरोना भा
घाँटी/टाउको दुखे

प्रकाशक : प्रमोद कुमार यादव (९८४२१२५२२५) सम्पादक : दिपेन्द्र कुमार यादव (९८५१०३७४९७) कार्यकारी स